म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २८९ २०८१ भदौ २६ गते बुधबार 11 September 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## गाँजासहित ट्रक नियन्त्रणमा

हेटौंडाः हेटौंडाबाट बारातर्फ जाँदै गरेको ट्रकबाट बारा जिल्ला प्रहरीले विशेष सूचनाको आधारमा लागुऔषध गाँजा बरामद गरेको छ । सोमबार साँझ ६ बजेको समयमा ईलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरी टोलीले गाँजासहित ट्रकलाई नियन्त्रणमा लिएको हो । हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ४ ख २०६३ नम्बरको ट्रकलाई बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्बर-२१, अमलेखगञ्जमा रोकी सुरक्षाजाँच गर्दा ट्रकको क्याबिनमा फल्स बटम बनाई लुकाएर राखिएको १५ पोकामा दुई सय ४० किलो लागूऔषध गाँजा बरामद गरेको बारा जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ। ट्रक चालक चितवन जिल्लाको राप्ती नगरपालिका वडा-३, झुरझुरेका २६ वर्षीय विज्ञान तिमल्सिना र सहचालक १८ वर्षीय बाबुकाजी परियारलाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रियालाई अगाडि बढाएको बताइएको छ।

# संविधान निर्माणमै कमजोरी भयोः मुख्यमन्त्री लामा




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले संविधान निर्माणका क्रममा भएको कमजोरीका कारण संघीयता कार्यान्वयनमा समस्या देखिएको बताउनुभएको छ । उहाँले संविधान निर्माणको क्रममा राजनीतिक दलहरुबाट कमजोरी भएको बताउनुभयो ।

जिल्ला समन्वय समिति मकवानपुरको १० औं जिल्ला सभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले संघीय संरचनाको विषयमा संविधान निर्माणका बखत कमजोरी भएको बताउनुभएको हो । संविधानमा ५ वटामात्र प्रदेशको प्रस्ताव राख्दा कांग्रेसलाई संघीयता विरोधी पार्टी भनेर आरोप लागेको उहाँको भनाइ छ । संघीयतामाथि उठेको प्रश्न पनि त्यसैको परिणाम भएको उहाँले बताउनुभयो ।

संघीयतालाई कम खर्चिलो बनाउने कांग्रेसको प्रस्तावमा अरु राजनीतिक दलहरु सहमत हुन नसकेको उहाँले बताउनुभयो। संविधान निर्माणको क्रममा प्रदेशको संख्या निर्धारण गर्ने सवालमा राजनीतिक दलहरुबीच ठूलो बहस भएको मुख्यमन्त्री लामाले बताउनुभयो ।

जिल्ला समन्वय समितिले अझै पनि अधिकार प्राप्त गर्न नसकेको उहाँको भनाइ छ । स्थानीय तहलाई नियन्त्रणमा राख्न समन्वय समितिको आवश्यकताबारे कांग्रेसले नै योजना बनाएको उहाँले बताउनुभयो । सोही योजनाअनुसार समन्वय समितिको व्यवस्था भएको मुख्यमन्त्री लामाले दावी गर्नुभयो ।

प्रदेशको औचित्यलाई पनि पुष्टि गर्ने गरी संविधान संशोधन गर्नुपर्नेमा मुख्यमन्त्री लामाले जोड दिनुभयो । मुख्यमन्त्री लामाले संविधान संशोधन अनुसन्धानको विषय बन्नुपर्ने बताउनुभयो। अनुसन्धान बिना संविधान संशोधन हुँदा झन विवादित हुने उहाँको भनाइ छ। प्रादेशिक संरचनाबाट जनताको आकांक्षाअनुसार काम गर्नुपर्ने उहाँले बताउनुभयो। मुख्यमन्त्री लामाले सुशासन कायम हुने गरी र जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी काम गर्न पनि स्थानीय तहलाई आग्रह गर्नुभयो ।

## बागमतीमा संघीयता बहस

# प्रहरी प्रशासन माग्दै सरकार र सांसद



समाज संवाददाता

हेटौंडाः संघीयता कार्यान्वयनको सवालमा बागमती प्रदेश सरकार र सांसदहरु प्रहरी प्रशासनको अधिकार माग गर्दै आएका छन्। प्रहरी प्रशासनको अधिकार प्रदेशमा प्राप्त हुन नसक्नु संघीयता कार्यान्वयनको प्रमुख चुनौतीको विषय भएको सरकार, मन्त्री र सांसदहरु बताउँछन्।

मंगलबार हेटौंडामा फेड्रलिज्म एण्ड लोकलाइजेसन सेन्टरको आयोजनामा भएको प्रदेश सरकार सञ्चालनका अनुभव र संघीयता कार्यान्वयनको आरोहअवरोह सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी मन्त्री तथा सांसदहरुले संघीय सरकारले प्रहरी प्रशासनको अधिकार नदिँदा संघीयता कार्यान्वयनमा चुनौती देखिएको बताए ।

प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश मातहतमा प्रहरी प्रशासन सञ्चालनको जिम्मेवारी नआउँदा समस्या भएको बताउनुभयो। प्रहरी प्रशासनबिनाको सरकारको अर्थ नभएको उहाँले बताउनुभयो। मुख्यमन्त्री लामाले संघीयता लागू भएसँगै केही परिवर्तन भएको तर, जनताले चाहेजस्तो परिवर्तन भने नभएको दाबी गर्नुभयो । जनताको आकांक्षा र इच्छाअनुसारको डेलिभरी व्यवस्थापन गर्न नसकिएको उहाँले बताउनुभयो ।

'सरकार छ। तर, प्रहरी प्रशासनको अधिकार छैन । संघीयतामा प्रहरी प्रशासनको अधिकार नभएको सरकारको अर्थ रहन्न । लामो समयदेखि संघ र प्रदेश सरकारबीच प्रहरी समायोजन र निजामती कर्मचारी ऐनको विषयलाई लिएर समस्या सिर्जना भइरहेको छ', मुख्यमन्त्री लामाले भन्नुभयो- 'प्रदेशले प्रहरी समायोजनलाई ध्यानमा राखेर प्रहरी भवन र प्रहरी ऐनसमेत निर्माण गरिसकेको छ। तर, प्रहरी समायोजनको विषय नटुंगिँदा समस्या हुँदै आइरहेको छ । संघीयता कार्यान्वयनको अभ्यासको क्रममा धेरै चुनौती र समस्या रहेका छन्। संघीयताको महत्व कायम राख्न पनि एकल र साझा अधिकार सूचीमा समावेश भएका विषयहरु टुंग्याउन जरुरी छ।'

कार्यक्रममा वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालले प्रदेशको अधिकार क्षेत्रमाथि संघको प्रत्यक्ष हस्तक्षेप रहेको बताउनुभयो । संघीयतामा प्रदेश सरकार मार्फत् नागरिकमा सेवाको पहुँच पुगेको र विकास निर्माणका कामको पनि गति बढिरहेको उहाँले बताउनुभयो । रक्षा, परराष्ट्र, सीमा क्षेत्रलगायतका विषय संघमा राखेर अन्य सुरक्षा तथा प्रशासनिक सेवाका अधिकार प्रदेशमा हस्तान्तरण गर्नुपर्ने मन्त्री सिलवालले बताउनुभयो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले केन्द्र र प्रदेश सरकार दाता र उपभोक्ताको अवस्थामा रहेको बताउनुभयो । संघीयताको अभ्यासको चरणमा केन्द्र सरकारले दिएको लिने अवस्थामा प्रदेश र स्थानीय सरकार रहेको उहाँको भनाइ छ । संविधानको मर्म र भावनाअनुसार नागरिकले अनुभव गर्न सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो । सुशासन, सुरक्षा र सेवा प्रवाहका विषयमा प्रदेशमा अधिकार नहुँदा नागरिकसम्म जोडिन कठिन भएको उहाँको भनाइ छ। अधिकार प्राप्त नहुँदा प्रहरी प्रसाशनसँगै अन्य थुप्रै ऐनहरु निर्माण भए पनि कार्यान्वयन हुनसक्ने अवस्था नरहेको मन्त्री लामिछानेले बताउनुभयो ।

आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संविधानमा लेखिएअनुसारको अधिकार प्रत्यायोजन हुन नसकेको बताउनुभयो। संघीयताको अभ्यासमा रहेको प्रदेश सरकारलाई पनि संघ सरकारले अधिकारबाट वञ्चित गरेको उहाँको भनाइ छ । दलहरुको गैरजिम्मेवारीपन र कार्यान्वयन गर्ने व्यक्तिको चासो कम पर्दा संघीयतामाथि प्रश्न उठिरहेको उहाँले बताउनुभयो । थोर बहुत बजेट भएकाले मात्र प्रदेश सरकारका विषयमा नागरिकहरु र प्रहरी प्रशासनले रेस्पोन्स गरेको उहाँको भनाइ छ ।

कार्यक्रममा धारणा राखेका एकीकृत समाजवादी संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले प्रहरी प्रशासनको अधिकार नभएको संरचनालाई सरकार भन्न उचित नहुने टिप्पणी गर्नुभयो । उहाँले आफ्नै सुरुक्षा गर्ने अधिकार नभएको संरचनाले प्रदेशको नागरिकको सुरक्षाको प्रत्याभूति दिलाउन नसक्ने टिप्पणी गर्नुभयो । स्थानीय तहसँग नगर प्रहरी, संघ सरकारसँग प्रहरी प्रशासनको अधिकार रहेको उहाँले बताउनुभयो । सरकार सञ्चालनको लागि गोप्य सूचनाहरुको आवश्यकता रहने भएपनि अधिकार प्रत्यायोजन नहुँदा जासुसी संस्था (अनुसन्धान व्यूरो) गठन हुन नसकेको उहाँले बताउनुभयो ।

संघ सरकारले प्रहरी प्रशासनको अधिकार प्रदेशमा नदिएसम्म संघीयताको असल अभ्यास हुन नसक्ने नेता खनालले बताउनुभयो। नागरिकको प्रत्यक्ष सरोकार रहेको क्षेत्र सुरक्षा र सेवा प्रवाहका विषयमा संघीय संरचनाले काम गरिरहेको उहाँको भनाइ छ। उहाँका अनुसार संघले प्रदेश र स्थानीय तहका अधिकार प्रत्यायोजन गरेर विकास र समृद्धिमा अग्रसर हुनुपर्छ।

नेकपा एमालेका सांसद एकालाल श्रेष्ठले प्रदेश सरकारलाई सुरक्षा तथा प्रशासन क्षेत्रको अधिकार दिएर नागरिकहरुको सेवामा अग्रसर हुनुपर्ने बताउनुभयो । संघीय सरकारले आर्थिक तथा वित्त क्षेत्रको अधिकार दिएर प्रदेशहरुलाई पर्याप्त स्रोत वितरण गर्नुपर्ने र स्थानीय तहले सेवा प्रवाहमा नागरिकसँग जोडिएर काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

सांसद गोविन्द लम्सालले संघीयता कार्यान्वयनको असल अभ्यास गर्न केन्द्रमा रहेका नेताहरु निर्मम बन्नुपर्ने बताउनुभयो । प्रदेशलाई सुरक्षा र प्रशासनसहितको अधिकार दिएर नीतिगत सहायता केन्द्रबाट प्रदान गर्नुपर्ने उहाँको भनाइ छ ।

# नवज्योति माविका प्रधानाध्यापक नै काज सरुवा लिएर हिँडे

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित नवज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक ज्ञानेन्द्र दाहाल काज सरुवा लिएर हिँड्नु भएको छ। विद्यालयको समग्र विकासको नेतृत्व गर्नुपर्ने प्रधानाध्यापक दाहाल विद्यालय व्यवस्थापन समितिलाई जानकारी नै नदिई पालिकाबाट काज सरुवा लिएर हिँड्नु भएको हो । नगर शिक्षा समिति सदस्य समेत रहनुभएका दाहाल पालिकाको काज सरुवा लिएर हेटौंडा-१३ स्थित युगचेतना माविमा जानुभएको छ। दाहालले विद्यालय छाडेसँगै नवज्योतिमा माध्यमिक दरबन्दीका स्थायी शिक्षक शून्य भएको छ ।

विद्यालय व्यवस्थापन समितिलाई जानकारी नै नगराई प्रधानाध्यापकको काज सरुवा गरिएको विषयमा बुझ्दा हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख सीताराम कोइरालाले व्यवस्थापन समितिसँग परामर्श गरेरै सरुवा गरिएको दावी गर्नुभयो । यता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद अधिकारीले भने विद्यालयको शैक्षिक अवस्था असाध्यै कमजोर भएको, प्रधानाध्यापकले उपयुक्त योजना ल्याउन नसकेको र प्रधानाध्यापक परिवर्तनमा पनि सहयोग हुन नसकेको सन्दर्भमा सहमति बिनानै प्रधानाध्यापक नै काज सरुवा लिएर हिँड्नु विद्यालयको हितमा नभएको बताउनुभयो। सोमबार साँझ विद्यालयका शिक्षक विमल गौतमले प्रधानाध्यापक दाहालले बुझ-बुझारत गरेर काज सरुवा लिई जानुभएको जानकारी गराएपछि मात्रै थाहा भएको अध्यक्ष अधिकारीको भनाई छ।

काज सरुवा लिएर हिँड्नु भएका प्रधानाध्यापक ज्ञानेन्द्र दाहालले भने आफूलाई काम गर्ने वातावरण नभएकोले काज सरुवा लिएर हिँड्नु परेको बताउनुभयो । दाहाल नवज्योति माविको माध्यमिक तहको एकजना मात्रै शिक्षक हुनुहुन्थ्यो । दाहालले काज सरुवा लिएर हिँड्नुभएपछि नवज्योति मावि माध्यमिक तहको स्थायी शिक्षकविहिन विद्यालय बन्न पुगेको छ । नगरप्रमुख मीना कुमारी लामाले दाहाललाई नगर शिक्षा समितिमा प्रधानाध्यापकको तर्फबाट मनोनित गर्नुभएको हो ।

मकवानपुरकै एक गाउँपालिकाका शिक्षा शाखाका प्रमुखका अनुसार काज सरुवामा सामान्यतः काज सरुवा भएर जाने शिक्षकलाई पठाउने र पाउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति जरुरी रहने बताउनुहुन्छ । असामान्य अवस्थामा पालिकाको शिक्षा समितिले सिधै निर्णय गर्न सक्ने भए पनि त्यसमा औचित्य पुष्टि हुने गरी निर्णय गर्नुपर्ने उहाँको भनाइ छ। "कहीँ गणित विषयको दरबन्दीका दुईजना शिक्षक छन् र कुनै अर्को विद्यालयमा गणित विषयको शिक्षक अभाव छ भने त्यस्तो अवस्थामा पालिकाले काज सरुवा गर्न सक्छ", ती अधिकृतले भने ।

व्यवस्थापन समितिको सहमति, निर्णय बिना नै पालिकाले काज सरुवा गर्नु आपत्तिजनक भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद अधिकारीको भनाइ छ । २०८० सालको एसईईमा सहभागी १५ जना विद्यार्थी मध्ये एकजना विद्यार्थी मात्रै कक्षा ११ मा भर्ना हुन योग्य भएका थिए। प्रधानाध्यापक दाहालले अध्यापन गराउने विषय अनिवार्य गणितमै १४ जना विद्यार्थी अयोग्य ठहरिएको स्थितिमा प्रधानाध्यापकले विद्यालयको शैक्षिक अवस्था सुधार गर्न नसकेको र वैकल्पिक बाटो पनि नदिएको अध्यक्ष अधिकारीको गुनासो छ। वडाकै एक मात्र सामुदायिक माध्यमिक विद्यालयमा दुई सयभन्दा कम विद्यार्थी अध्ययनरत छन् ।

शिक्षासमेत हेर्ने हेटौंडा उपमहानगर पालिकाको सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालाले व्यवस्थापन समितिका अध्यक्षसँग समन्वय गरेरै प्रधानाध्यापक दाहालको काज सरुवा गरिएको जानकारी दिनुभयो। उहाँले नवज्योति माविका लागि वैकल्पिक व्यवस्था गर्न पनि आफू तयार रहेको उहाँको भनाइ छ।

# शुक्रबार हेटौंडाको विशेष नगरसभा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका कार्यपालिकाको बैठक भदौ २८ गते शुक्रबार बोलाउने निर्णय भएको छ । मंगलबार बसेको नगर कार्यपालिकाको बैठकले भदौ २८ गते शुक्रबार दिनको २ बजे नगरसभा बोलाउने निर्णय गरेको वडाअध्यक्ष रामकृष्ण कोइरालाले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि राजश्वको दरमा अस्वभाविक वृद्धि गरेको भन्दै नगरवासी र व्यवसायी आन्दोलित भएपछि विशेष नगरसभा बोलाएर नगरवासी र व्यवसायीको माग सम्बोधन गर्न उपमहानगर सहमत भएको थियो । नगरवासी र व्यवसायीको विरोधपछि नगरसभाको बहुमत सदस्यले

...बाँकी पृष्ठ ३ मा

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# कालो बिरालो



**कृतिका ढुङ्गाना**

एउटा सानो गाउँ, घना वन र कुहिरोले भरिएको थियो । त्यहाँको वातावरण शान्त र सुखद थियो । साथै त्यहाँ एक कालो बिरालो मिन्टिड थियो । सामान्य बिरालोको विपरीत मिन्टिडको फर अँध्यारो रात जस्तो कालो र आँखा भयानक हरियो प्रकाश जस्तै चम्किलो थियो । उसको उपस्थिति आकर्षक भए तापनि उसको यही रुपका कारण उसलाई अशुभको प्रतीक मानिन्थ्यो ।

गाउँलेहरुले कालो बिरालोलाई अशुभ मान्ने परम्परा थियो। उनीहरुले मन्टिडलाई देख्ने बित्तिकै नानाभाति कुरा गर्ने गर्थे । ओहो लौन नि फेरि यो मिन्टिड घरको ढोकाकै अगाडि आयो । कति चाहिँ दुःख दिएको होला भन्दै लखेट्ने गर्थे । विचरो मिन्टिड ज्यान जोगाउँदै लुक्थ्यो। मिन्टिडको कोमल स्वभाव भए तापनि उसको यही कालो आवरणका कारणले गाउँलेहरुको कुरा काट्ने विषय बनेको थियो । गाउँमा कोही पनि शिक्षित नभएको कारण गाउँलेले अन्धविश्वासमा अत्याधिक विश्वास राख्थे । त्यसै कारण कुनै पनि गाउँलेहरुले मिन्टिडलाई रुचाउँदैन थिए । मिन्टिडले गाउँलेहरुको हेपाईलाई सहिरहेको थियो। एक चिसो र अत्याधिक कुहिरो परेको रात, जब गाउँमा वार्षिक फसल महत्सवका लागि तयारी गरिँदै थियो। अजिब घटनाहरुले गाउँलाई अस्थिर बनाउन थाल्यो ।

फसलहरु परिपक्क भएका, गाईवस्तुहरु बिरामी पार्दै गए र गाउँमा अनौठो घटनाहरु घट्न थाले । प्रत्येक असफलतामा मिन्टिडलाई आरोप लाउन थालियो र रिस र समस्याको बोझ सबै गाउँलेहरुले त्यही बिरालोलाई पिटेर, लखेटेर र नानाभाति बोलेर, गाली गरेर कम गर्ने कासिस गर्थे । जति जे गरेपनि आएको यो समस्यालाई कम गर्न नसकेकाले गाउँलेहरुले झाक्री बोलाए । झाक्रीबाट पनि मिन्टिडलाई गाउँबाट निकाल्नुपर्ने भन्ने प्रतिक्रिया आयो । साथै गाउँबाट निकाल्न नसके मार्नुपर्ने कुरा निस्कियो । त्यही बेला मिनिटडले पनि आफैँ आफैँमा सोच्यो । अब यहाँ बस्यो भने यी मानिसहरुले के के गर्छन् के । अहिले भागिनँ भने त म नै रहन्न ? यति सोचेपछि त्यही रात नै मिन्टिड त्यो गाउँबाट भाग्यो। ऊ गाउँको छेउको घना जङ्गलको गहिराइमा पुग्यो र अत्याधिक अँध्यारो भएकाले त्यही सुत्यो । भोलिपल्ट उठेर जङ्गलको अझै भित्र जाने क्रममा उसले एक पुरानो मन्दिर भेटायो । त्यो मन्दिरको अवलोकन गर्दै गर्दा उसले त्यहाँ एक पुरानो सन्दुक भेटायो। त्यस सन्दुक खोलेर हेर्दा खजाना नै खजाना थियो । उनी उसले सोच्यो यदि मैले यति बेला यो खजाना त्यो गाउँलेहरुलाई दिए भने त गाउँमा कुनै नराम्रो घटना घट्दै घट्दैन होला, त्यसपछि त मलाई ती गाउँलेहरुले दुख दिन पनि छाड्छन् होला है, तर म गाउँको अवस्था केही दिन पनि वा हप्तापछि हेरी मात्र ती गाउँलेहरुलाई बताउँछु। उसले सोचे जस्तै केही हप्तापछि गाउँ गयो तर अहिले गाउँको अवस्था पहिले भन्दा धेरै नराम्रो भएको थियो । गाउँमा पानी नपरेकाले खेत बाँझो थियो । गाईवस्तु खान नपाएर हिरिक्क थिए। सबै जनाको स्थिति नाजुक थियो। त्यो देखेर मिन्टिडले गाउँलेहरुलाई सहयोग गर्ने निर्णय गऱ्यो । उसले त्यसपछि गाउँलेहरुको अघि गएर भन्यो । हेर म भएपनि नभए पनि तिमीहरुलाई पछि गएर पनि उतिकै दुःख हुने हो। मैले जङ्गलमा खजाना भेटेको छु जसकारण तिमीहरुलाई लाभदायक हुन्छ। उसले खजाना भेटाएको कुरा गाउँलेहरुलाई बतायो ।

त्यो थाहा पाएर गाउँलेहरुले खजाना खुसी भएर ल्याए। यसकारण सबैको स्थिति राम्रो हुँदै गयो । अन्त्यमा गाउँलेले मिन्टिडसँग माफी मागे र सबैको जीवन समान भयो ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# स्वार्थ

आफ्नो स्वार्थ बिना कसले अरुको मतलब गर्छ ?
रुखका पात झरेपछी चरिले पनि त बसाई सार्छ

जिउँदो हुँदा कसैले वास्ता गर्दैनन्
मर्दा एक घनो बास समेत सँगै मर्छ

नजलाउनु मेरो पार्थिव शरीर नबहाउनु अस्थिहरु
सुताइराख्नु आँगनिको छेउमा हेर्नू कस-कसको आँसु झर्छ

म मर्दा पृथ्वीले पनि खुशीले सुर्यको फन्को मार्नेछ
अहिले जिउँदो छु त्यसैले आफ्नाहरुलाइ शोक पर्छ

बिन्ती अब मलाई थोरै शान्ति र थोरै खुसी देउ
बदलामा मेरो प्राण लैजाउ, सायद त्यसको मूल्य धेरै पर्छ ।



**कृतिका हुमागाईं**

*कक्षा-१०*
*सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# विद्यार्थी परिचय



**अग्रिम खड्का**

हेटौंडा-५ स्थित सिद्धार्थ शिशुसुदन माविको कक्षा-१० मा पढ्नुहुन्छ । अग्रिम विद्यालयको क्याप्टेन पनि हुनुहुन्छ। अग्रिमको घर हेटौंडा-२ मा रहेको छ । अग्रिमको घरमा हजुरबुवा, हजुरआमा, बाबा, आमा र भाई हुन्नुहुन्छ । अग्रिमको बाबा आमा दुबैजना सुरक्षाकर्मीमा सरकारी जागिर, प्रहरीमा कार्यरत हुनुहुन्छ। अग्रिम पहिला हेटौंडा ज्ञानोदय बाल बाटिका आवासिय माविमा अध्ययन गर्नुहुन्थ्यो। अग्रिम भविस्यमा आईटी क्षेत्रमा प्रवेश गर्ने सोँचमा रहनुभएको बताउनुहुन्छ। अग्रिमले छुट्टीको बेलामा आमा बुवा र भाईसँगै किताब पढ्दै, खेल खेल्दै र रमाइलो गर्दै परिवार सँग समय बिताउने गर्नुहुन्छ। अग्रिमलाई विभिन्न खेल जस्तै क्रिकेट, फुटबल, भलिबल र ब्याडमिन्टनमा रुचि रहेको बताउनुहुन्छ । खाली समयमा चित्रकला गरेर आफ्नो सीपलाई तिर्खान पनि मलाई मन पर्छ। अग्रिमलाई आफ्नो पाठ्यपुस्तक पढ्न र समय मिलाएर अरु अङ्ग्रेजी र नेपाली किताब पढ्न पनि मन पर्छ । अग्रिमको विद्यासमयमा मिल्ने साथीहरुमा नविन गोल, असपर्श सिंह, अमन चौधरी, अनुकुल रेग्मी, सुलभ झा, सत्यम सिंह र सन्तोष महत्व हुन्। अग्रिम गुरु तथा ठुलालाई आदर गरि साथीमाईसँग राम्ररी नम्र भएर बोल्न रुचाउनुहुन्छ ।

# चित्रकला





**बिसलिना श्रेष्ठ (ढुधिअवा)**
**होली एन्जेल बोर्डिङ स्कुल निजगढ**
**कक्षा-६**






**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**






**सासा श्रेष्ठ**
**कक्षा-युकेजी, नवोदय शिशु सदन**
**हेटौंडा-४**



**खुशी खातुन**
**कक्षा-९, सिद्धार्थ शिशु सदन मावि**
**हेटौंडा-५**





**सम्मान घलान**
**कक्षा-४, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**






**सुयोग श्रेष्ठ**
**कक्षा-४, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**





**समृद्धि श्रेष्ठ**
**कक्षा-३, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**

पारिजातपथमा मोटरसाइकल दुर्घटना

# २ जना गम्भीर घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, पारिजातपथमा मंगलबार साँझ दुईवटा मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना भएको छ । दुर्घटनामा परी २ जना गम्भीर घाइते भएका छन् । मंगलबार साँझ ८ बजेको समयमा प्रदेश ३ ००३ ००१ प ३७६४ पल्सर मोटरसाइकल र ना १३ प २२६२ नम्बरको होण्डा युनिकर्न मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना भएको हो ।

पल्सर हेटौँडा-६ का रोहन खतिवडा र निष्मा प्रजा सवार थिए भने युनिकर्नमा रौतहट जिल्लाको मौलापुर-८ का शिव पुजन, नितेश र शिव शंकर सवार थिए । घाइते मध्ये २ जनाको अवस्था गम्भीर रहेको र गम्भीर दुईसहित तीन जनालाई उपचारका लागि भरतपुर रेफर गरिएको वडा प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक दाताराम अधिकारीले जानकारी दिनुभएको छ ।

## शुक्रबार हेटौँडाको...

गत साउन ३० गते विशेष नगरसभाको माग गर्दै नगरप्रमुख समक्ष निवेदन समेत दर्ता गराएका थिए ।

कानुनबमोजिम विशेष नगरसभा बोलाउन नगरप्रमुख, उपप्रमुख बाध्य भए पनि राजश्वको दर साविककै कायम राख्ने विषयलाई नगरसभाले आवश्यक निर्णय गर्ने विषयमा भने आशंका गरिएको छ । नगर कार्यपालिकाकै एक सदस्यले विशेष नगरसभा बोलाइए पनि नगरसभाबाट राजश्वको दर साविककै कायम गर्ने गरी निर्णय गर्ने पक्षमा नगरप्रमुख र उपप्रमुख नदेखिएको बताउनुभयो । "कानुनी बाध्यताका कारण विशेष नगरसभा बोलाउन उहाँहरु (नगरप्रमुख, उपप्रमुख) बाध्य हुनुभएको हो", कार्यपालिका सदस्यले भन्नुभयो, "नगरसभाले कार्यदल बनाएर जाने भन्ने कुरो छ । मकवानपुर उद्योग वाणिज्य संघसँग गरेको सहमतिअनुसार राजश्वको दर साविककै कायम राख्ने विषयमा भने उहाँहरु तयार देखिनु हुन्न ।"

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक ।

# १४ सय विद्यार्थीको दन्त परीक्षण



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-६ स्थित जनप्रिय माध्यमिक विद्यालयमा भएको निःशुल्क दन्त जाँच तथा परामर्श शिविरमा एक हजार ४ सय जना विद्यार्थीको दाँतको जाँच गरिएको छ । मंगलबार जनप्रिय मावि प्राविधिक शिक्षालयको सहकार्यमा भएको शिविरमा विद्यार्थीको दाँत जाँच गरिएको युवा परिषद् मूलमिलावा धामका कोषाध्यक्ष मोहन खतिवडाले जानकारी दिनुभयो ।

हेटौडा उपमाहानगरपालिका-६ मा रहेको श्री सिद्धस्थली रूरल कम्युनिटी अस्पताल र श्रीकृष्ण प्रणामी युवा परिषद् मूल मिलावाधामको समन्वयमा निःशुल्क दन्त परीक्षण तथा परामर्श कार्यक्रम गरिएको हो । खतिवडाका अनुसार धेरैजना विद्यार्थीको दाँतमा किराको समस्या दखिएको थियो । दाँतमा किराको समस्या देखिएका एक सय ९० जना विद्यार्थीको अस्पतालमा गएर थप जाँच गरिएको उहाँको भनाइ छ । शिविरमा दन्त चिकित्सक डा. रसिसा मैनालीले कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीको जाँच गर्नुभएको थियो ।

शिविरमा हेटौंडा उपमहानगर पालिका वडा नम्बर १६ का वडा अध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्य रहेको थियो । श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल मूलमिलवाधामका उपाध्यक्ष्य रमेशप्रसाद वाग्लेको सभाअध्यक्षतामा शिविर भएको हो ।

शिविरमा सिद्धस्थली अस्पतालका सञ्चालक गोमा गौतम, जनप्रिय माविका प्रधानाध्यापक भुपेन्द्र चौलागाईं र जनप्रिय माविको विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहनप्रसाद बस्ताकोटीको उपस्थिति रहेको थियो ।

# साईकल चलाउने तालिम हुँदै

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला साईक्लिङ संघले हेटौँडामा एकदिने आधारभूत साईकल चलाउने तालिमको आयोजना गर्ने भएको छ । हेटौँडा राईडर्स क्लबको सहयोगमा संघले आगामी असोज ५ गते शनिबार तालिम आयोजना गर्न लागेको मकवानपुर साईक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठले जानकारी दिनुभयो । तालिममा ७ वर्षदेखि १७ वर्ष उमेर समूहका किशोर किशोरीहरुलाई सहभागी गराईने अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार साईकल चढ्नु स्वास्थ्यका लागि उचित भएको र अब साईक्लिङको सिजन पनि सुरु भएकाले कार्यक्रमको आयोजना गर्न लागिएको हो । विशेषगरी मोवाईल लगायतका डिजिटल डिभाईसको लतमा अल्भिmरहेका भाइबहिनीलाई छुट्कारा दिलाउन पनि साईकल तालिमले टेवा पुग्ने उहाँको भनाई छ । सही तरिकाले साईकल नचलाँउदा, ढाड-कम्मर, घुँडा दुख्ने लगायतका स्वास्थ्य समस्या निम्तिने भएकाले कसरी सुरक्षितरुपमा साईकल चलाउने भन्ने प्राविधिक पक्षलाई तालिममा सिकाईने उहाँले बताउनुभयो । नेपाल साईक्लिङ संघ काठमाडौंकी प्रशिक्षक लक्ष्मी मगरले सहभागीहरुलाई प्रशिक्षण दिनुहुने छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# आत्महत्या रोकथामसम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१८, हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालयमा आत्महत्यासम्बन्धी अभिमुखीकरण तथा परामर्श कार्यक्रम भएको छ । मंगलबार हेटौंडा उपमहानगर पालिका र जनस्वास्थ्य कार्यालय मकवानपुरको संयुक्त आयोजनामा आत्महत्यासम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको हो ।

पालिकाले विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा आत्महत्यासम्बन्धी परामर्श कार्यक्रम आयोजना गरेको हो । हेटौंडाको हर्नामाडीमा धेरै आत्महत्याका घटना देखिएका कारण पालिकाले ज्योति माविमा परामर्श कार्यक्रमको आयोजना गरेको कार्यालयका फोकल पर्सन बासु रिमालले बताउनुभयो । रिमालका अनुसार अभिमुखीकरण कार्यक्रममा एक सय जना विद्यार्थीको उपस्थिति रहेको थियो भने ६ जना विद्यार्थीलाई परामर्शसमेत दिइएको थियो । हर्नामाडीमा भएको कार्यक्रममा विद्यार्थीलाई ३ जना नर्सले काउन्सिलिङ गर्नुभएको थियो ।


कार्यक्रममा विद्यार्थीहरुले महिलामा हुने प्रजनन् सेवा तथा महिनाबारीमा हुने समस्याको विषयमा जिज्ञासा राखेका थिए । परामर्श कार्यक्रममा हेटौंडा-१८ का वडा अध्यक्ष अनिलकुमार बानियाँ, विद्यालयका प्रधानध्यापक जयराम थापा र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलको समेत उपस्थिति रहेको थियो । ज्योति माविमा मात्र नभई मंगलबार हेटौंडाका विभिन्न विद्यालयमा विद्यालय नर्सहरुले विद्यार्थीलाई आत्महत्यासम्बन्धी परामर्श दिएका छन् ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...



असोज २ गतेबाट सेवा शुभारम्भ

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

हाम्रो ईभी सेवा

हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.को

## १८ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको स्विकृत विनियम २०६३ को परिच्छेद ७ दफा ३० व्यवस्था भए अनुसार यस संस्थाको मिति २०८१।०४।१९ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस संस्थाको १८ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभा हुने**:
मिति : २०८१।०५।२९, शनिबार
समय : बिहान ८:०० बजे
स्थान : रोयल पार्टी प्यालेस, हेटौँडा-४

**छलफलका प्रस्तावहरु** :
१. साधारण सभाको वैधानिकता सम्बन्धमा ।
२. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
३. अध्यक्षको भनाई सहितको प्रतिवेदन सम्बन्धमा ।
४. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिवको प्रतिवेदन सम्बन्धमा ।
५. आर्थिक प्रतिवेदन तथा वार्षिक अनुमानित वजेटसहितको कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व. २०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
८. आर्थिक वर्ष २०८१/०८२ को साधारणसभा पुर्वको पेश्की वजेट खर्च अनुमोदन सम्बन्धमा ।
९. आगामी आ.व. २०८२।०८३ को साधारण सभा पुर्वको पेश्की वजेट सम्बन्धमा ।
१०. लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११. शेयर लाभांश एवं संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१२. संस्था सञ्चालन आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
१३. समितिको सेवा सुविधा निर्धारण सम्बन्धमा ।
१४. प्रतिनिधि चयन अख्तियारी सम्बन्धमा ।
१५. सहकारी एकीकरण सम्बन्धमा ।
१६. विविध ।

**सिताराम दाहाल**
**(सचिव)**
**हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौंडा, मकवानपुर**

## सूचना !! सूचना !! सूचना !!!

यस प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालमा मिति २०८१/०५/१६ गते आईतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।


**देहाय**:
१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म ।
३. E.H.S ओ.पि.डी मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसूति रोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नशा तथा हाडजोर्नी रोग ओ.पि.डी.
- अन्य
• भिडीयो X-ray सेवा
• प्याथोलोजी सेवा

४. E.H.S ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन ।

**पुनश्च**: सार्वजनिक बिदाको दिनहरुमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**हेटौंडा, मकवानपुर**






## राष्ट्रिय भेट्रान्स फुटबल

# हरिवन र निजगढ भेट्रान्स क्वार्टरफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको क्वार्टर फाइनलमा सर्लाहीको हरिवन भेट्रान्स र बारा जिल्लाको निजगढ भेट्रान्स प्रवेश गरेको छ। मंगलबार हेटौंडा-५, पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालमा भएको दोस्रो दिनको खेलमा हेटौंडा भेट्रान्सलाई ३-० गोलले हराउँदै हरिवन भेट्रान्स क्वार्टरफाइनलमा प्रवेश गरेको हो। यस्तै, आयोजक रोटरी भेट्रान्सलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै निजगढ भेट्रान्स क्वार्टरफाइनलमा प्रवेश गरेको हो।

निर्धारित समयम एक-एक गोलको बराबरीमा रोकिएर खेल टाइब्रेकरमा पुगेको थियो । खेलको म्यान अफ द म्याच निजगढका विकास लामा घोषित भएका छन्। प्रतियोगिताअन्तर्गत बुधबार पहिलो खेलमा युनिटी भेट्रान्स र काठमाडौं महानगररपालिकाको फ्रिडम फाइटर भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा नवलपुरको अभिषेक चर्च भेट्रान्स र जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरा भेट्रान्स क्लबबीच प्रतिस्पर्धा हुनेछ । पहिलो खेल दिउँसो १ बजेबाट सुरु हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगितामा १५ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल भदौ ३१ गते हुनेछ । रोटरी क्लब अफ मकवानपुरको आयोजना, पिप्ले युवा क्लबको सहआयोजना तथा हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सोमबारबाट प्रतियोगिता सुरु भएको रोटरी क्लबका सचिव पवन तिमल्सिनाले जानकारी दिनुभएको छ ।

## जिल्ला लिग फुटबल

# न्यू डाँफे तालिकाको शीर्ष स्थानमा

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा न्यू डाँफे युवा क्लब समूह 'ख'बाट तालिकाको शीर्ष स्थानमा रहेको छ । समूह चरणको ४ खेलहरुमा आफ्ना अपराजित यात्रालाई कामय राख्दै १२ अंक जोड्दै न्यू डाँफे क्लब हाफसम्म तालिकाको शीर्ष स्थानमा रहन सफल भएको हो ।

मंगलबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको समूह चरणको चौथो खेलमा पिप्ले युवा क्लबलाई ३-२ गोल अन्तरले हराउँदै न्यू डाँफे तालिकको शीर्ष स्थानमा रहेको छ भने हटिया स्पोर्टस्लाई ४-० गोलको फराकिलो अन्तरले हराउँदै एफसी मल्टिभिजन समूह 'ग'बाट ३ जीत दर्ता गर्दै ९ अंकसहित तालिकाको दोस्रो स्थानमा रहेको छ रु समूह 'ग'बाट न्यू कम्न्राइन तालिकाको शीर्ष स्थानमा रहेको छ ।

न्यू डाँफेबाट सुवेश लोप्चनले पहिलो हाफको ८ मिनेटमा र किसन मगरले ४५ औं मिनेटमा समान एक-एक गोल गरेका छन्। राजेशले खेलको दोस्रो हाफको २५ मिनेटमा एक गोल गरेका छन् । पिप्ले युवाबाट दोस्रो हाफको ८ मिनेटमा प्रविन श्रेष्ठ र सम्पूर्ण नगरकोटीले समान एक-एक गोल गरेका छन्। मल्टिभिजनबाट जेनिश थपलियाले ह्याट्रिक गरेका छन् भने सुजन लो लामाले एक गोल गरेका छन् ।

यस्तै, हेटौंडा-११ स्थित सिमलटार मैदानमा भएको खेलमा सानो पोखरालाई १-० गोलले हराउँदै न्यू कम्बाइन विजयी भएको छ भने ७ नम्बर फुटबल क्लबलाई १-० गोल अन्तरले हराउँदै एफसी नामटार विजयी भएको छ । कम्बाइनको जीतमा निशान न्यासुरले र एफसी नामटारको जीतमा सविन गोलेले निर्णायक गोल गरेका हुन्। खेलको म्यान अफ द म्याच डाँफेका किसन थापा मगर, एफसी नामटारका सविन गोले र कम्बाइनका सुरज गोले घोषित भएका छन्।

प्रतियोगितामा २८ क्लबहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । लिगको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । लिगको उपाधि विजेता टिमले टिमले प्रदेशस्तरीय लिगमा सहभागी हुन पाउनेछ ।

# आयोजना बैंक कार्यान्वयन गर्न बागमतीमा अध्ययन समिति बनाइने



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको अर्थ तथा विकास समितिले विकास आयोजना छनोटलाई प्रभावकारी बनाउन अध्ययन समिति बनाउने निर्णय गरेको छ । समितिले प्रदेशको बजेट विनियोजनलाई प्रभावकारी बनाउन आयोजना बैंक निर्माण तथा सञ्चालनको विषयमा सरकारलाई निर्देशन दिन उक्त समितिले अध्ययन गर्ने निर्णय गरेको हो ।

समितिको मंगलबार बसेको बैठकले वडास्तरबाट नै छलफल गरी विकास आयोजना छनोट तथा आयोजना बैंकमा प्रविष्ट गर्ने उद्देश्यअनुसार उक्त समिति निर्माण गर्ने निर्णय गरेको हो । समितिको आगामी बैठकबाट छलफल गरी समिति गठन गर्ने र सो समितिले हालसम्मको अवस्था, बजेट विनियोजनको प्रणाली व्यवस्थापनका लागि आयोजना बैंक नबन्नुका कारणबारे अध्ययन गर्नेछ ।

समितिले आयोजना बैंक कार्यान्वनका समस्याबारे अध्ययन गरी सो विषयमा सरकारलाई निर्देशन दिने समितिका सचिव मनोजकुमार गुप्ताले जानकारी दिनुभयो । उहाँका अनुसार समितिको छलफलअनुसार वडा तहबाट नै आयोजना छनोट गरी विभागीय मन्त्रालयबाट प्रविष्ट गर्ने र प्राथमिकीकरणका आधारमा बजेट विनियोजन गरिनेछ ।

# युवा संगठनको जिल्ला संयोजकमा खत्री

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुरको संयोजकमा किशोर खत्रीलाई चयन गरिएको छ । मंगलबार आयोजित जिल्लास्तरीय युवा भेलाले खत्रीलाई संयोजकको जिम्मेवारी दिएको हो । आगामी मंसिर महिनामा हुने संगठनको राष्ट्रिय महाधिवेशन लक्षित गरी जिल्ला संयोजक चयन गरिएको हो ।

राप्रपा हेटौंडा उपमहानगर समितिका सदस्य खत्रीलाई संयोजकको जिम्मेवारी दिइएको हो । संगठनका केन्द्रीय अध्यक्ष सुजित केसी, संघीय सांसद दीपक बहादुर सिंह, बागमती प्रदेश सभा सदस्य डम्बर बहादुर तामाङ र आशा लामा, पार्टी केन्द्रीय सदस्य रामबहादुर थोकर, बागमती प्रदेश सचिव गुञ्जन न्यौपाने, जिल्ला अध्यक्ष शिवराम थापाको उपस्थितिमा युवा भेला भएको हो । युवा संगठनलाई चलायमान बनाउने र महाधिवेशनको तयारी गर्ने गरी संयोजक चयन गरिएको बताइएको छ। नवनियुक्त संयोजक खत्रीले १५ देखि १७ सदस्यीय जिल्ला समिति बनाएर संगठनलाई चलायमान बनाउने बताउनुभएको छ ।

# प्रदेश प्रहरी प्रमुखद्वारा कार्यभार सम्हाले

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश प्रहरी प्रमुखको रूपमा प्रहरी नायब महानिरीक्षक कृष्ण हरि शर्माद्वारा कार्यभार सम्हाल्नुभएको छ ।

संघीय सरकारको गृहमन्त्रीस्तरीय निर्णयबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट सरूवा भई शर्मा प्रदेश प्रहरी प्रमुखको रुपमा हेटौँडा आउनुभएको हो । शर्माले कार्यालय परिसरभित्र वृक्षरोपण गर्नु भई प्रदेश प्रहरी कार्यालयको समग्र वस्तुस्थितिबारे जानकारी लिनुभएको छ ।

# भिरबाट लेडेर बिसुन्केको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको गल्छी गाउँपालिका-४, बिरुवाटार सोती खोल्सामा भिरबाट लेडेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ५२ वर्षीय ठुलो कान्छा बिसुन्के रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । सोमबार साँझ ५ बजेको समयमा बिसुन्के गल्छीबाट पैदल कार्कीडाँडा जाने भित्री सडक खण्डको भिरबाट ५० मिटर तल खसी मृत्यु भएको थियो । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएको प्रहरीले जानकारी दिएको छ।

# माझीको शव बारामा भेटियो

समाज संवाददाता

हेटौंडाः खोलाले बगाई बेपत्ता भएका अकले माझी मृत फेला परेका छन् । माझी सोमबार बाराको कोल्हवी नगरपालिका-२ स्थित बकैया खोलाको बगरमा मृत अवस्थामा फेला परेको मकवानपुर प्रहरीले जनाएको छ । घटनास्थलमा ईलाका प्रहरी कार्यालय निजगढ बाराबाट टोली खटी गई कानुनी प्रक्रिया पुरा गरी लास पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको थियो।

उक्त शव रौतहटको चन्द्रपुर नगरपालिका-२ जुडिबेला टोल बस्ने ४२ वर्षीय अकले कुस्वार माझीको रहेको भनी निजको बुवा भिमार कुश्वारले सनाखत गरी बुझी लगेको ईलाका प्रहरी कार्यालय कोहल्वीलाई उद्घृत गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

माझीलाई गत शुक्रबार मकवानपुरको बकैया गाउँपालिका-६ जुईनास्थित ससुराली जाने क्रममा बकैया खोलाले बगाएको थियो। उनी निर्माणाधिन काठमाडौ-मधेश-तराई द्रूतमार्ग अन्तर्गत बकैया-६ स्थित जसपाल खण्डमा काम गर्दै आएका थिए ।

# क्यान्सरपीडित शिक्षकलाई सहयोग



*सहयोग रकम हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालयमा कार्यरत क्यान्सर पीडित शिक्षक लक्ष्मी काफ्लेलाई जिल्लाका विभिन्न विद्यालयमा कार्यरत शिक्षकले सहयोग गरेका छन् । नेपाल राष्ट्रिय शिक्षक संगठन हेटौँडा उपमहानगर कमिटीको संयोजनमा काफ्लेका लागि सहयोग संकलन भएको हो ।

संकलित तीन लाख ६३ हजार रुपैयाँ सोमबार हेटौँडा-८ स्थित काफ्लेको घरमै पुगेर हस्तान्तरण गरिएको छ । संगठनका नगरअध्यक्ष गोपीरमण प्याकुरेल, जिल्ला अध्यक्ष श्रीराम दाहालसहितको एक समूह काफ्लेको निवासमै पुगेर सहयोग रकम हस्तान्तरण गरिएको हो ।

क्यान्सर पीडित काफ्ले चितवन जिल्लाको भरतपुर महानगरपालिकास्थित बीपी कोइराला स्मृति क्यान्सर अस्पतालमा उपचाररत हुनुहुन्छ । काफ्लेको स्वास्थ्य अवस्था राम्रो रहेको र पूर्णरुपमा निको हुन केही समय लाग्ने संगठनका नगर अध्यक्ष प्याकुरेलले बताउनुभयो । जटिल स्वास्थ्य समस्या भएका बेला उपचारमा पनि बढी नै रकम खर्च हुने देखिएपछि संगठनको संयोजनमा जिल्लाका विभिन्न विद्यालयका कार्यरत शिक्षकहरुसँग सहयोग संकलन गरिएको उहाँको भनाइ छ ।

# २० जनामा डेंगु र ११ जनामा स्क्रब टाइफस पुष्टि

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा मंगलबार २० जनामा डेंगु र ११ जनामा स्क्रब टाइफस पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार मंगलबार २० जनामा डेंगु र ११ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको हो ।

डेंगु संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका १६ जना बासिन्दा रहेका छन् । यसैगरी थाहा नगरपालिका, मनहरी गाउँपालिका र मकवानपुरगढी गाउँपालिका १/१ जना बासिन्दामा डेंगु पुष्टि भएको हो। डेंगु पुष्टि हुनेमा एकजना भने जिल्ला बाहिरका रहेका छन् ।

चालु आर्थिक वर्षको साउन महिनायता जिल्लामा ३ सय २५ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । डेंगु पुष्टि हुनेमा एक सय ६४ जना पुरुष र एक सय ६१ जना महिला रहेको तथ्याङ्कले जनाएको छ । यस्तै, मंगलबारमात्र जिल्लामा ११ जनामा स्क्रब टाइफस पुष्टि भएको छ। स्क्रब टाइफस पुष्टि हुनेमा हेटौंडाका ६ जना, मनहरी गाउँपालिका र भीमफेदी गाउँपालिकाका २-२ जना र मकवानपुरगढी गाउँपालिकाका एक जना बासिन्दा रहेका छन्। साउनयता जिल्लामा एक सय ५६ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भइसकेको छ । जसमा पुरुष ५५ जना र महिला एक सय एक जना रहेको कार्यालयको तथ्याङ्क छ । जिल्लामा सबैभन्दा बढि हेटौंडा उपमहानगरपालिकाका बासिन्दामा डेंगु र स्क्रब टाइफस पुष्टि भएको छ ।

# खोल्साले बगाउँदा विद्यार्थीको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा विद्यालय छुट्टी भएर घर फर्कने क्रममा एक विद्यार्थी खोल्सा तर्ने क्रममा बगाउँदा मृत्यु भएको छ। मंगलबार साँझ ५ बजेको समयमा मनहरी-८, सिमपानी गुरुङडाँडाकी १४ वर्षीया रितिका भनिने रञ्जिता गुरुङको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । खोल्साले बगाउँदा एकजना घाइते भएकी छिन्।

मनहरी-८ स्थित युनाइटेड बोडिङ स्कुलकी छात्रा रन्जिता गुरुङ र महेन्द्र किरण माविमा अध्ययनरत १७ वर्षीया अर्की छात्रा घर फर्कने क्रममा मोरङगे खोल्सोले बगाएको थियो। रञ्जिता खोल्सोमा बगेर बेपत्ता भएकी थिइन् भने अर्की छात्रा सामान्य घाइते भएकी थिइन् । रञ्जिताको शव २ किलोमिटर पर भेटिएको प्रहरीले जानकारी दिएको छ। शवलाई पोष्टमार्टमका लागि हेटौँडा अस्पताल पठाइएको छ। घाइते छात्राको मनहरी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
} TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ